**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदी आज देखि तीन देशहरु जॉर्डन, इथियोपिया अनि  ओमानको यात्राको लागि प्रस्थान हुनुहुनेछ।

- भारतीय जनता पार्टी संसदीय बोर्डले बिहारका मंत्री अनि पांच पल्टका विधायक नितिन नबीनलाई तत्काल प्रभावसित पार्टीको राष्ट्रीय कार्यकारी अध्यक्ष नियुक्त गरेको छ।

- चुनाव आयोगले 2026 को पश्चिम बंगाल विधानसभा चुनाव अघि ईवीएमको लागि  प्रथम स्तर जांच (एफएलसी) प्रक्रियालाई सुद्रिड बनाइँ रहेको छ । पश्चिम बंगाल देखि बाहिरका पांच नोडल अधिकारीहरुले राज्यमा एफएलसी प्रक्रियाको निगरानी गरिरहेका छन्।

- अमरीकी सरकारले आज देखि सोशल मीडिया प्रोफाइलको जांच सहित एच-1बी अनि यसको आश्रित एच-4 वीज़ा आवेदकहरुको गहन जांच-पड़ताल शुरू गर्नेछ।

- पांच टी-20 म्याचको श्रृंखलाको तेस्रो म्याचमा भारतले हिज धर्मशालाको हिमाचल प्रदेश क्रिकेट एसोसिएशन स्टेडियममा दक्षिण अफ्रीकालाई सात विकेटले पराजित गरयो।

**प्रधानमंत्री यात्रा**

प्रधानमंत्री नरेन्द्र मोदी आज देखि तीन देशहरु जॉर्डन, इथियोपिया अनि  ओमानको यात्राको लागि प्रस्थान हुनुहुनेछ। यात्राको पहिलो चरणमा श्री मोदी किंग अब्दुल्लाह द्वितीय इब्न अल हुसैनको निमंत्रणमा जॉर्डन जानुहुनेछ। प्रधानमंत्री मोदीले जॉर्डन किंगसित द्विपक्षीय सम्बन्धहरु बारे सबै सम्बन्धहरुको समीक्षा गर्नुहुनेछ अनि क्षेत्रीय मुद्दाहरु माथि विचार आदान-प्रदान गर्नुहुनेछ। श्री मोदीको यात्रा दुवै देशहरु बीच राजनयिक सम्बन्धहरुको स्थापनाको 75औ वर्षगांठमा भैरहेको छ।प्रधानमंत्री भोली इथियोपिया प्रस्थान हुनुहुनेछ। प्रधानमंत्रीको यो पहिलो इथियोपिया यात्रा हो। श्री मोदीले इथियोपियाका प्रधानमंत्री सित भेट गर्नुहुनेछ अनि भारत – इथियोपियाको द्विपक्षीय सम्बन्धहरु माथि व्यापक चर्चा गर्नुहुनेछ।यात्राको अंतिम चरणमा प्रधानमंत्री ओमान जानुहुनेछ अनि सुल्तान हैथम इब्न तारिक सित बैठक गर्नुहुनेछ। यो यात्रा दुवै देशहरु बीच राजनयिक सम्बन्धहरुको स्थापनाको 70 वर्ष पुरा भएको अवसरमा भैरहेको छ।

**बीजेपी-नितिन नबीन**

भारतीय जनता पार्टी संसदीय बोर्डले बिहारका मंत्री अनि पांच पल्टका विधायक नितिन नबीनलाई तत्काल प्रभावसित पार्टीको राष्ट्रीय कार्यकारी अध्यक्ष नियुक्त गरेको छ। एक संगठनात्मक नेताको रुपमा चिनिने श्री नबीन अहिले पटना जिल्लाको बांकीपुर विधानसभा सीटका विधायक हुन्। उहाँ नीतीश कुमारको नेतृत्वमा रहेको बिहार सरकारमा सड़क निर्माण विभागका मंत्री हुनुहुन्छ। श्री नबीन भारतीय जनता पार्टीका अनुभवी नेता अनि पूर्व विधायक स्वर्गीय नबीन किशोर प्रसाद सिन्हाका पुत्र हुन्। 45 बर्षिय श्री नबीन पार्टीको इतिहासमा सबैभन्दा कम्ति उमेरका कार्यकारी अध्यक्ष हुन्। उहा यस पदमा नियुक्त हुने बिहारको पहिलो भाजपा नेता हुनुहुन्छ। लगभग दुई दशकको संगठनात्मक अनुभव सित श्री नबीनले पार्टीमा बिभिन्न महत्वपूर्ण

भूमिका निभाएका छन् जसमा भारतीय जनता युवा मोर्चाको बिहार अध्यक्ष अनि छत्तीसगढ़ चुनाव प्रभारी सामेल छन्।

## विदेश मंत्रालय - बांग्लादेश

बङ्गलादेशको अन्तरिम सरकारले हिजोको प्रेस नोटमा गरेको दाबीलाई भारतले स्पष्ट रूपमा अस्वीकार गरेको छ जसमा भनिएको छ नयाँ दिल्लीले बङ्गलादेशका पूर्व प्रधानमंत्री शेख हसीनालाई आफ्नो समर्थकहरुलाई भड़काऊ बयान दिन अनुमति दिइरहेकोछ । विदेश मन्त्रालयले एक वक्तव्यमा भनेको छ,'भारतले बङ्गलादेशमा शान्तिपूर्ण वातावरणमा स्वतंत्र, निष्पक्ष, समावेशी र विश्वसनीय चुनावको पक्षमा आफ्नो अडान दोहोर्याएको छ। यसबाहेक, भारतले कहिल्यै पनि आफ्नो भूमि बंगलादेशको हितविरोधी गतिविधिका लागि प्रयोग हुन दिएको छैन। बङ्गलादेशको अन्तरिम सरकारले आन्तरिक शान्ति र व्यवस्थाको सुनिश्चितताका लागि र शान्तिपूर्ण रूपमा निर्वाचन गराउने उद्देश्यका लागि सबै आवश्यक उपायहरू अवलम्बन गर्नेछ भन्ने भारतको आशा रहेको छ।

## पश्चिम बंगाल-एफएलसी प्रक्रिया

चुनाव आयोगले 2026 को पश्चिम बंगाल विधानसभा चुनाव अघि ईवीएमको लागि प्रथम स्तर जांच (एफएलसी) प्रक्रियालाई सुद्रिड बनाइँ रहेको छ । पश्चिम बंगाल देखि बाहिरका पांच नोडल अधिकारीहरुले राज्यमा एफएलसी प्रक्रियाको निगरानी गरिरहेका छन् । अरुणाचल प्रदेशका उप मुख्य निर्वाचन अधिकारी शानिया कायेम मिजे, महाराष्ट्रका उप मुख्य निर्वाचन अधिकारी योगेश गोसावी, मेघालयका अतिरिक्त मुख्य निर्वाचन अधिकारी पी के बोरो, मिजोरमकी संयुक्त मुख्य निर्वाचन अधिकारी एथेल रोथांगपुई तथा भारत निर्वाचन आयोगका अवर सचिव कनिष्क कुमारलाई पर्यवेक्षक नियुक्त गरेको छ।

## भारत रणभूमि दर्शन

सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुर अनि सिक्किम उच्च न्यायालयका सेवानिवृत्त मुख्य न्यायाधीश विश्वनाथ सोमदारले 14 हजार 300 फिटको उचाईमा अवस्थित चमन टप हेलिप्याडबाट सिक्किम-द सिल्क रूट ड्राइभ नामक सुपर कार रयालीको उद्घाटन गर्नुभयो। राज्यपाल माथुरले रक्षा मन्त्रालय र पर्यटन मन्त्रालयको "भारत रणभूमि दर्शन" पहललाई बढावा दिएकोमा सुपर कार रयाली टोलीलाई बधाई दिनु भयो। उहाँले यस कार्यक्रमको सुरुवात र समर्थनका लागि सेनाका जवानहरूको प्रयासको पनि प्रशंसा गर्नु भयो। श्री माथुरले नाथुला डे र चोलको महत्त्वलाई जोड दिनु भयो अनि यी स्थानहरूको राष्ट्रिय महत्त्व बारे प्रकाश पर्नु भयो।

## अमरीका वीजा

अमरीकी सरकारले आज देखि सोशल मीडिया प्रोफाइलको जांच सहित एच-1बी अनि यसको आश्रित एच-4 वीज़ा आवेदकहरुको गहन जांच-पड़ताल शुरू गर्नेछ। अमरीकाका विदेश मंत्रालयले एउटा नयाँ आदेशमा भनेको छ कि आज देखि सबै एच-1बी आवेदकहरु अनि आश्रितहरुको ऑनलाइन उपस्थितिको समीक्षा गरिनेछ । विद्यार्थिहरु अनि विनिमय आगंतुकहरुलाई अघि बाटै यस समीक्षाको परिधि भित्र राखिने गरिन्थ्यो। अब विदेश मंत्रालयले यस आवश्यकताको विस्तार गर्दै सोशल मीडिया प्रोफाइलको जांचलाई पनि यसमा सामेल गरेको छ। यसमा एच1-बी आवेदकहरु अनि एच-4 वीजामा उनीहरुका आश्रितहरुलाई पनि सामेल गरिएको छ। विदेश मंत्रालयले भनेको छ कि यस जांच प्रक्रियालाई सुगम बनाउनको लागि , एच-1बी अनि उनिहरुका आश्रितहरु एच-4, एफ, एम अनि जे गैर-आप्रवासी वीजाको सबै आवेदकहरुलाई आफ्नो सबै सोशल मीडिया प्रोफाइलको गोपनीयता सेटिंगलाई "सार्वजनिक" रुपमा सेट गर्ने निर्देश दिईएको छ। एफ, एम अनि जे वीजाको उपयोग विद्यार्थिहरु अनि एक्सचेंज विजिटर आउनको लागि गरिन्छ।

## अस्ट्रेलिया गोलीबारी

अस्ट्रेलियामा हनुक्का पर्वको पहिलो दिन सिड्नीको बोन्डी बिचमा गोलीबारी हुँदा मृत्यु हुनेहरुको संख्या 15 पुगेको छ।

अस्ट्रेलियाई पुलिसले यस गोलीबारीलाई आतङ्कवादी घटनाको संज्ञा दिएको छ । अधिकारीहरुका अनुसार गोलीबारीमा शमिल दुई मध्ये एकको मृत्यु भइसकेको छ अनि एकजना अस्पतालमा भर्ना भएको छ र पुलिस हिरासतमा छ। घटनामा दुई पुलिस अधिकारी सहित बयालीस जना घाइते भएका छन्। घटनास्थलबाट छ वटा बन्दुक र दुई इम्प्रोभाइज्ड विस्फोटक उपकरणहरू पनि उद्धार गरिएको छ। प्रधान मन्त्री नरेन्द्र मोदीले यस भयानक आतंकवादी हमलाको कडा निन्दा गर्नुभयो। एक सामाजिक सञ्जालमा पोष्ट गर्दै श्री मोदीले आफ्ना प्रियजनहरू गुमाएका परिवारहरू प्रति समवेदना व्यक्त गर्नु भएको छ। प्रधानमन्त्रीले दुःखको यस घडीमा भारत अस्ट्रेलियाका जनतासँग ऐक्यबद्धताको साथ रहेको बताउनुभयो। भारतीय विदेशमन्त्री डा. एस जयशंकरले पनि आतंकवादी हमलाको निन्दा गर्नु भएको छ ।

## इज़राइल-हिज़्बुल्लाह

दक्षिणी लेबनानमा इज़राइली ड्रोन हमलामा हिज़्बुल्लाहका तीन सदस्य मारिएको छ भने अर्को एक जना घाइते भएको छ । लेबनानको सरकारी नेशनल न्यूज़ एजेंसीले बताए अनुसार बिंत जबैल जिल्लाको यातर गांवमा एक इज़राइली ड्रोनले एउटा मोटरसाइकलमा हमला गर्दा एक व्यक्ति मारिएको अनि अर्को ब्येक्ति घाइते भएको छ । दोस्रो इज़राइली ड्रोनले सफद अल-बत्तीख अनि बाराचित इलाका बीच एउटा कारमा हमला गर्दा एक व्यक्ति मारिए । एजेंसीले भनेको छ कि तेस्रो व्यक्ति जोइया गांवमा एक कारमा इज़राइली हवाई हमलामा मारिएको छ ।

## अनिवार्य घोषणा-पब्लिक स्पीक

आकाशवाणीको समाचार सेवा प्रभागले आज **रात नौ** बजेर तीस मिनेट जाँदा फोन-इन कार्यक्रम **"पब्लिक स्पीक" मा "बद्लंदो जीवनशैली बीच हड्डिहरुको स्वास्थ्यको देखभाल" बिषय माथि** परिचर्चा प्रसारित गर्नेछ । इस कार्यक्रममा नयाँ दिल्लीको अखिल भारतीय आयुर्विज्ञान संस्थानका ऑर्थोपेडिक्स विभागका प्रोफेसर डॉ. विजय कुमार अनि राम मनोहर लोहिया अस्पतालका वरिष्ठ फिजियोथेरेपिस्ट डॉ. श्वेताले भाग लिनुहुनेछ । श्रोताहरुले हड्डिहरु सित संबंधित बीमारिहरुको लक्षण , प्रारंभिक पहिचान अनि उपचार बारे प्रश्न सोध्न सक्नेछन् । श्रोताहरुले टेलीफोन नंबर 0 1 1 - 2 3 3 1 0 4 8 1, 0 1 1 - 2 3 7 1 7 1 1 7, 0 1 1 - 2 3 7 1 7 1 0 6 अनि 0 1 1 - 2 3 3 1 4 4 4 4 पर मा विशेषज्ञहरु सित प्रश्न सोध्न सक्नेछन् ।व्हाट्सएप नंबर 9 2 8 - 9 0 9 - 4 0 4 4 मा पनि प्रश्न सोध्न सकिनेछ ।

## भारत - दक्षिण अफ्रीका टी-20 क्रिकेट

पांच टी-20 म्याचको श्रृंखलाको तेस्रो म्याचमा भारतले हिज धर्मशालाको हिमाचल प्रदेश क्रिकेट एसोसिएशन स्टेडियममा दक्षिण अफ्रीकालाई सात विकेटले पराजित गरयो । दक्षिण अफ्रीकाको 118 रनको लक्ष्यलाई पछयाउदै भारतले 15 ओवर पांच बलमा तीन विकेटको गुमाएर 120 रन बनाए । अभिषेक शर्माले सर्वाधिक 35 रन बनाए, तिलक वर्माले 25 रनको नाबाद पारी खेले। यस अघि भारतले टॉस जीतेर बलिंग गर्ने निर्णय गरयो ।

****** o ******